"विविधतायुक्त गाउँ शहर, समृद्ध मेरो व्यास नगर"
# व्यास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
दमौली, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

व्यास नगरपालिका नगर कार्यपालिकाको कार्यालय दमौली तनहुँ गण्डकी प्रदेश नेपाल २०७३

मिति :- २०७९/१२/०७

### प्रेश विज्ञप्ती

आज मिति २०७९/१२/७ गते व्यास नगर कार्यपालिकाको नियमित बैठक नगर प्रमुख श्री बैकुण्ठ न्यौपानेको अध्यक्षतामा सम्पन्न भयो । उक्त बैठकमा उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु र कार्यपालिका सदस्यहरुको उपस्थिति भई तल लेखिए बमोजिम मुख्य-मुख्य निर्णयहरु गरियो ।

(१) यसै नगरपालिका वडा नं. ८ वाहुनपोखरा जन्मनुभई नेपालको लोकतान्त्रिक आन्दोलनका निष्ठावान नेता, तनहुँ क्षेत्र नं. १ बाट संघिय व्यवस्थापिकामा निर्वाचित माननीय सांसद श्री रामचन्द्र पौडेलज्यू मिति २०७९/११/२५ गते भएको नेपालको राष्ट्रपति निर्वाचनमा विजयी हुनु भएकोमा व्यास नगरपालिका गौरव गर्दछ र हार्दिक बधाईका साथ वहाँको सफल कार्यकालको कामना गर्ने निर्णय गरियो ।

(२) २०७९/११/२३ मा भएको कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा गरियो ।

(३) व्यास नगर शिक्षा नियमावली, २०७६ लाई पाँचौं संशोधन प्रस्ताव र स्थानीय पाठ्यक्रम निर्माण कार्यविधि, २०७९ पारित गर्ने निर्णय गरियो ।

(४) व्यास नगरपालिका विज्ञापन कर निर्देशिका २०७९, पशु प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ बैठकमा कार्यपालिका सदस्यहरुले अध्ययन गरी आगामी बैठकमा संशोधन प्रस्ताव सहित राय दिन निर्देशन दिने निर्णय गरियो ।

(५) व्यास नगरपालिकाभित्रको फोहोरलाई घर-घरबाट छनौट गर्ने प्रकृया अघि वढाउने र यस नगरपालिकाभित्रको अव्यवस्थित मोटर ग्यारेजहरुलाई व्यवस्थित गर्ने सम्बन्धी प्रस्ताव बैठकमा प्रस्तुत गरियो । साथै उक्त प्रस्तावहरुलाई अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

(६) व्यास नगर कार्यपालिका र जिल्ला प्रहरी कार्यालय तनहुँका प्रमुख श्री अवदेश विष्ट बीच यस नगरको विभिन्न सुरक्षा चुनौतीका विषयमा अन्तरक्रिया गरियो । साथै व्यास नगरपालिका वडा नं. १४ को केशवटारमा रहेको कृषि कार्यालयको खाली पक्की भवनमा प्रहरी चौकी व्यवस्थापनका लागि अनुरोध गर्ने निर्णय गरियो ।

(७) व्यास नगरपालिका अन्तर्गतका वडा नं. ६, ७, ८, ९, १०, १२ र १४ वडाहरुमा २०७९ चैत्र मसान्तभित्र सार्वजनिक सुनुवाई कार्यक्रम गर्न गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

(८) व्यास १० स्थित वैरेनी जग्गा विकास आयोजनाको निर्माण कार्य ०७९/१२/९ गतेदेखि सुभारम्भ गर्ने निर्णय गरियो ।

Kamy 08/12/0
प्रवक्ता


Phone No. 065-563162/563163, Fax No.: 977-65-563233 Email: vyasmunicipality@gmail.com Web: www.vyasmun...gov.np

"विविधतायुक्त गाउँ शहर, समृद्ध मेरो व्यास नगर"

# व्यास नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

दमौली, तनहुँ

गण्डकी प्रदेश, नेपाल

२०७३

(९) यस कार्यालयमा विगत लामो समयदेखि कार्यरत स्थायी अधिकृत श्री मेघनाथ आचार्य र करार सेवाका अधिकृत श्री विमल गिरीले आफ्नो पदवाट राजिनामा दिनु भई राजिनामा स्वीकृतिको जानकारी प्राप्त भएकाले वहाँहरुको नगरपालिकामा रहँदा पुऱ्याउनु भएको सेवाका लागि धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

(१०) व्यास नगरपालिकाले आ.व. २०७९/०८० मा अनुमानित गरेको आय रू.२२,६०,००,०००/- (वाइस करोड साठी लाख) २०७९ फाल्गुण मसान्तसम्म रू.८,८४,८६,९१९।२७ (आठ करोड चौरासी लाख छयासी हजार नौ सय उन्नाइस रुपैया सत्ताइस पैसा आय भएको वैठकमा जानकारी प्राप्त गरियो ।

जिवन गुरुङ<br>
प्रवक्ता<br>
२०७९/१२/७

"भूकम्प प्रतिरोधी संरचना निर्माण गरौं, सम्भावित प्रकोपबाट बचौं र बचाऔं"

Phone No. 065-563162/563163, Fax No.: 977-65-563233 Email: vyasmunicipality@gmail.com Web: www.vyasmun.gov.np